कार्यपालिकाबाट स्विकृत मितिः २०८१।१२।०५

**विपन्न महिला, शहिद परिवार, बेपत्ता परिवार र द्वन्द पिडितहरुको आयआर्जन, सशक्तिकरण तथा क्षमता विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१**

**प्रस्तावनाः** फलेवास नगरपालिकाभित्र स्थायी रुपमा बसोबास गर्ने सबै किसिमका राजनीतिक आन्दोलनहरुमा जीवन उत्सर्ग गर्ने शहिद, मृतक, वेपत्ता, जेलनेल भोगेका, घाइते तथा अपाङ्गता भएका व्यक्ति एवं परिवारमा सशक्तिकरण र आयआर्जनमा सहयोग हुने कार्यक्रमहरु सञ्चालन गर्दै जीवनस्तरमा सुधार ल्याउने उद्धेश्यले फलेवास नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ ले दिएको अधिकारको प्रयोग गरी फलेवास नगरपालिकाले यो कार्यविधि बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम **"विपन्न महिला, शहिद परिवार, बेपत्ता परिवार र द्वन्द पिडितहरुको आयआर्जन, सशक्तिकरण तथा क्षमता विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१"** रहेको छ।

(२) यो कार्यविधि कार्यपालिकाबाट स्विकृत भएको मितिदेखि लागु हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "कार्यविधि" भन्नाले "विपन्न महिला, शहिद परिवार, बेपत्ता परिवार र द्वन्द पिडितहरुको आयआर्जन, सशक्तिकरण तथा क्षमता विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१" सम्झनु पर्दछ।

(ख) "शहिद तथा बेपत्ता परिवार" भन्नाले नेपाल सरकारले घोषणा गरेका शहिद एवम् आन्दोलनका क्रममा वेपत्ता पारिएका व्यक्ति भनि तोकिएका व्यक्तिका परिवारलाई सम्झनु पर्दछ।

(ग) "द्वन्दपिडित" भन्नाले सबै किसिमका राजनीतिक आन्दोलनहरुमा जीवन उत्सर्ग गर्ने शहिद, मृतक, वेपत्ता, घाइते तथा अपाङ्गता भएका व्यक्ति एवं परिवारलाई सम्झनु पर्दछ। साथै सो शब्दले द्वन्दकालमा जेलनेल भोगेका व्यक्तिलाई समेत सम्झनु पर्दछ।

(घ) "कार्यक्रम" भन्नाले कार्यविधिको दफा ४ बमोजिम सञ्चालित कार्यक्रमलाई सम्झनु पर्दछ।

(ङ) "नगरपालिका" भन्नाले फलेवास नगरपालिकालाई सम्झनु पर्दछ।

(च) "कार्यालय" भन्नाले फलेवास नगरकार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ।

(छ) "लक्षित वर्ग" भन्नाले विपन्न महिला, शहिद परिवार, बेपत्ता परिवार र द्वन्द पिडितहरुलाई सम्झनु पर्दछ।

(ज) "लाभग्राही" भन्नाले यस कार्यविधि बमोजिम सेवा सुविधा पाउने व्यक्ति एवम् परिवारलाई सम्झनु पर्दछ।

(झ) "समिति" भन्नाले कार्यविधिको दफा ९ बमोजिमको अनुगमन तथा निर्देशन समिति सम्झनु पर्दछ।

## परिच्छेद-२

## उद्धेश्य विषयक्षेत्र र सहभागी छनौटको आधार

३. **उद्धेश्य:** (१) यस कार्यक्रमको प्रमुख उद्धेश्य नगरपालिकाभित्र स्थायी बसोबास गर्ने लक्षित वर्गहरुको सशक्तिकरण गर्दै जिविकोपार्जन वा आयआर्जन गर्नका लागि आत्मनिर्भर बनाई गरिबी निवारणमा सहयोग गर्नु हो।

(२) यस कार्यक्रमका अन्य उद्धेश्यहरु देहायबमोजिम रहेका छन:-

(क) लक्षित वर्गलाई आयमूलक क्रियाकलाप गर्न प्रोत्साहन गर्नु,

(ख) लक्षित वर्गलाई स्वरोजगार तथा उद्यमशील हुन सहयोग गर्नु,

(ग)लक्षित वर्गलाई विकासको मूलधारमा ल्याउनु।

४. **कार्यक्रम:** (१)यस कार्यविधिअनुसारका कार्यक्रमहरु देहायबमोजि हुनेछन:

(क) मेशिन उपकरणलगायतका सामग्री सहायता,

(ख) कृषि तथा पशुसँग सम्बन्धित आयआर्जनका कार्यक्रमहरु,

(ग)लक्षित वर्गको क्षमता अभिवृद्धिसँग सम्बन्धित तालिम तथा सचेतनामूलक कार्यक्रमहरु,

(घ) लक्षित वर्गका छात्र/छात्राहरुमध्ये माध्यमिक तह (९-१२) एवम स्नातक तह अध्ययनरत विपन्न विद्यार्थिहरुको लागि दोहोरो नपर्ने गरी वार्षिक रु. २०,००० सम्म छात्रावृत्ति सहयोग कार्यक्रम।

(२) माथि उल्लेखित कार्यक्रमहरु मध्ये लक्षित वर्गको एक परिवारमा कुनै एउटा कार्यक्रम मात्र सञ्चालन गर्न सकिनेछ र यस्तो कार्यक्रम सञ्चालन गर्दा एक परिवारमा बढीमा रु.२५,०००( पच्चिस हजार रुपैयाँ ) सम्म मात्र सहायता उपलब्ध गराउन सकिनेछ।

५. **सहभागी छनौटको आधार:** (१) यस कार्यविधिबमोजिमका कार्यक्रममा सहभागी हुन आवेदन पेश गर्ने आवेदकले देहायबमोजिमको आधारहरु पूरा गरेको हुनुपर्नेछः-

(क) फलेवास नगरपालिकामा स्थायी बसोबास भएको,

(ख) सम्बन्धित वडाको सिफारिस,

(ग)शहिद तथा बेपत्ता परिवारको हकमा नेपाल सरकारको आधिकारिक निकायबाट जारी भएको परिचयपत्र वा प्रतलित कानुन बमोजिम नेपाल सरकारको आधिकारिक निकायबाट शहिद तथा वेपत्ता भनि सूचीकरण भएको पुष्टयाइ गर्ने कागजात र सम्बन्धित व्यक्तिसंगको नाता प्रमाणित कागजात।

(घ) द्वन्द पिडितको हकमा नेपाल सरकारको आधिकारिक निकायबाट जारी भएको परिचयपत्र वा प्रचलित कानुन बमोजिम नेपाल सरकारको आधिकारिक निकायबाट द्वन्द पिडित भनि सूचीकरण भएको पुष्टयाई गर्ने कागजात।

(ङ)द्वन्दकालमा जेलनेल भोगेका व्यक्तिको हकमा जेलनेल भोगेको प्रमाणित हुने कागजात।

(च) विपन्न महिलाको हकमा सम्बन्धित वडाले विपन्न प्रमाणित गरेको कागजात।

६. **वस्तुगत सहायता:** (१) यो कार्यक्रम अन्तर्गत हस्तान्तरण गरिने वस्तुगत सहायतामा लाग्ने लागतमध्ये लाभग्राहिले कम्तिमा १५ प्रतिशत लागत साझेदारी गर्नुपर्नेछ।

## परिच्छेद-३

## सहभागी छनौट र कार्यक्रम सञ्चालन प्रक्रिया

७. **सहभागी छनौट प्रक्रिया:** यस कार्यविधि बमोजिम सञ्चालन हुने कार्यक्रममा सहभागी छनौट गर्दा वडालाई समेत छनौट प्रकृयामा संलग्न गराइनेछ।

८. **कार्यक्रम सञ्चालन प्रक्रिया:** (१)कार्यक्रम सञ्चालनको लागि सहभागी छनौट गर्न कार्यालयले १५ दिनको समय दिई सूचना प्रकाशन गर्नेछ।कार्यालयले प्राप्त मागका

आधारमा उपलब्ध गराउने वस्तुगत सहायता सम्बन्धित लाभग्राहिलाई नियमानुसार अनुदान तथा सामग्री सहायता जुनसुकै रुपमा उपलब्ध गराउनसक्नेछ।

(३)यस कार्यक्रमको कार्यान्वयन पश्चात त्यसको लेखा राख्ने, लेखापरीक्षण गराउने लगायतको वित्तीय जिम्मेवारी नगरपालिकाको रहनेछ।

९. **अनुगमन तथा निर्देशन समितिः** यस कार्यकविधि बमोजिम संचालन हुने कार्यक्रमको अनुगमन गरि आवश्यक निर्देशन दिनका लागि देहायबमोजिमको अनुगमन तथा निर्देशन समिति रहनेछः

| | | |
|---|---|---|
| (क) | नगर प्रमुख | संयोजक |
| (ख) | नगर उपप्रमुख | सदस्य |
| (ग) | प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (घ) | सामाजिक विकास समिति संयोजक | सदस्य |
| (ङ) | सम्बन्धित वडाको वडा अध्यक्ष | सदस्य |
| (च) | महिला कार्यपालिका सदस्य मध्ये समितिले चयन गरेका २ जना | सदस्य |
| (छ) | सामाजिक विकास महाशाखा प्रमुख | सदस्य |
| (ज) | लेखा शाखा प्रमुख | सदस्य |
| (झ) | महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुख | सदस्य सचिव |

## परिच्छेद-४

## विविध

१०. **प्रचलित कानूनबमोजिम हुनेः** (१)यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कार्यक्रमसँग सम्बन्धित विभिन्न कार्यहरु गर्दा तथा रकम भुक्तानी एवम् फरफारक तथा लेखा परीक्षण गर्दा सार्वजनिक खरिद ऐन २०६३ खरिद नियमावली २०६४ तथा अन्य प्रचलित कानून बमोजिम हुनेछ।

(२)यस कार्यविधिमा लेखिएको विषयमा यसै बमोजिम र अन्य कुराहरु प्रचलित कानूनबमोजिम हुनेछ।

आज्ञाले

प्रमुख प्रशासकीय अधिकृत